# रैनादेवी छहरा गाउँपालिकाको आ.व. २०८१/०८२ आय-व्ययको अनुमानित प्रतिवेदन

**सभाध्यक्ष महोदय,**
**सभा सदस्यज्यूहरू।**

नेपालको स्वतन्त्रता सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखि जनताको सार्वभौमिक अधिकार, स्वायत्तता र स्व-शासनको अधिकारलाई आत्मसाथ गर्दै राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन सशस्त्र सङ्घर्ष, त्याग र बलिदानका गौरवपूर्ण इतिहासलाई स्मरण एवम् सहिदहरू तथा बेपत्ता र पिडित नागरिकलाई सम्मान गर्दै सामन्ती, निरंकुश, केन्द्रिकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेको सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्नका लागि अबलम्वन गरेको सङ्घीय शासन अन्तर्गत स्थापित ७५३ स्थानीय सरकार मध्येको रैनादेवी छहरा गाउँ सरकारको १६ औं अधिवेशनमा उपस्थित भएका छौं ।दिगो शान्ति सुशासन, विकास र समृद्धिका लक्ष्य हासिल गर्नका लागि नेपालको संवैधानिक व्यवस्था अनुरुप स्थानीय सरकारको रूपमा अधिकार सम्पन्न रैनादेवी छहरा गाउँपालिकाको गरिमामय गाउँसभाको यस १६ औं अधिवेशनमा रैनादेवी छहरा गाउँ सरकारको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट सम्मानित गाउँ सभामा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु। आजको यस ऐतिहासिक दिनमा लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, समावेशिता, सामाजिक न्याय र समानताका लागि जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। सामाजिक न्याय, समानता, स्वाधीनता र समृद्धि प्राप्तिका आन्दोलनहरूमा योगदान गर्नुहुने सम्पूर्ण नेपाली दाजु-भाई, दिदी-बहिनी प्रति हार्दिक सम्मान प्रकट गर्दछु।

राजनीतिक क्रान्ति हामीले पुरा गरी राजनैतिक अधिकारहरू प्राप्त गरिसकेका छौं।संविधान कार्यान्वयनको सिलसिलामा स्थानीय तहको दोस्रो निर्वाचन पश्चात तेस्रो वार्षिक बजेट अन्तर्गत आ.व. ०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम यस १६ औं सम्मानीत अधिवेशनमा प्रस्तुत गर्दैछु ।अब स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ। विकसित परिस्थितिलाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रूपमा उपयोग गरी जनताको चाहनाहरू पुरा गर्ने अबको हाम्रो बाटो भनेको तिब्र आर्थिक, सामाजिक सकारात्मक रुपान्तरण नै हो।

आगामी आर्थिक बर्षको बजेट निर्माण गरिरहँदा स्वशासित, सम्मुनत, समृद्ध र समतामूलक गाउँपालिकाको भावी तस्वीरलाई साम्मुने राखेर आर्थिक नीति कार्यक्रम र योजनाहरू तय गरेको छु। स्थानीय श्रोत र साधनको अधिकतम परिचालन गरी उच्च दरको आर्थिक वृद्धि गर्ने, साधन श्रोत र अवसरको न्यायोचित वितरण गर्ने, दीगो विकासको लागि पूर्वाधार निर्माण गर्ने, सन्तुलित रूपमा वडागत विकास गर्ने तर्फ यो बजेट केन्द्रित गरेको छु।

मैले बजेट कार्यक्रमहरू प्रस्तुत गर्दै गर्दा गाउँपालिका, गाउँपालिका बाहिर र विदेशमा रहनु भएका यस गाउँपालिकाबासी तथा शुभचिन्तक, दाजुभाई, दिदी बहिनीहरूले रैनादेवी छहराको विकासको लागि देखाउनुभएको चिन्ता, चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्न चाहन्छु। छिमेकी गाउँपालिकाहरूको सद्भावपूर्ण व्यवहार, विकास साझेदारहरूको रैनादेवी छहरा प्रतिको चासो र आम नागरिकको सद्भाव र सहयोगको प्रतिबद्धताबाट म उत्साहित भएको छु।

आर्थिक बर्ष २०८१/०८२ को बजेट तयार गर्दै गर्दा नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, संविधानमा उल्लेखित मौलिक हकहरू, संविधानमा उल्लेखित राज्यका नीतिहरू, धारा ५९ को आर्थिक अधिकार, भाग १९ का स्थानीय आर्थिक कार्यप्रणाली, नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको विस्तृतीकरण प्रतिवेदन, सङ्घीय सरकारले निर्माण गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू, प्रदेश सरकारको आवधिक योजनाले लिएका लक्ष्यहरू, स्थानीय ऐन कानूनमा उल्लेखित प्राबधानहरू, विकास समसामयिक मुद्दाहरू अन्तर्गत दिगो विकासका लक्ष्यहरू, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक सशक्तिकरण, वातावरणमैत्री स्थानीय शासन जस्ता विषयलाई ध्यानमा राखेको छु।

**<u>बजेटका उद्देश्यहरू:</u>**

आगामी आर्थिक बर्षको बजेटका उद्देश्यहरू निम्न बमोजिम राखेको छु।

- कृषि क्षेत्रलाई यान्त्रिकरण तथा व्यावसायिकरण मार्फत आत्मनिर्भर कृषि प्रणालिको रुपमा विकास गर्नु ।
- भौतिक पूर्वाधारको विकास अन्तर्गत तीन जिल्ला र गाउँपालिका केन्द्र जोड्ने सडक विस्तारै कालोपत्रे गर्नु
- स्थानीय स्तरमा प्राप्त स्रोत र साधनको अधिकतम परिचालन गरी उच्च अर्थिक वृद्धि हासिल गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिँदै शैक्षिक क्षेत्रको गुणस्तरमा सुधार ल्याउने र स्वास्थ्य सम्वन्धि हकलाई कार्यान्वयनमा ल्याउने ।
- सिचाई ,जलस्रोत तथा खानेपानी संरचना निर्माण गर्ने ।
- आय र रोजगारीका अवसरमा वृद्धि गर्दै गरिबी घटाउने।
- अवसरको सृजना गर्दै सामाजिक सुरक्षा तथा समावेशिकरणको अवधारणालाई अत्मसाथ गर्ने।
- रैनादेवी छहराबासीलाई गुणस्तरीय सेवा प्रवाह गरी सेवामा सन्तुष्टि प्रदान गर्ने।
- विकास कार्यक्रमलाई जनसहभागितामा आधारित गरी रोजगारको अवसर सिर्जना गर्ने ।

**<u>प्राथमिकताका क्षेत्रहरू:</u>**

बजेट बाँडफाँड गर्दा मैले देहायका क्षेत्रलाई प्राथमिकतामा राखेको छु।

- कृषि तथा पशु, खानेपानी तथा सरसफाई ।

- सुरक्षित सडक निर्माण ।
- शिक्षा, स्वास्थ्य, सिँचाइ र स्थानीय पूर्वाधार ।
- पर्यटन, वन र उद्योग ।
- सामाजिक सुरक्षा र समावेशिकरण ।
- सेवा प्रवाह, सुशासन प्रबर्द्धन र वातावरणको संरक्षण तथा बहुआयामिक विषयको विकास।
- विपद व्यवस्थापन ।

**सभाध्यक्ष महोदय,**
अब म आर्थिक बर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

"आर्थिक सामाजीक पर्यटन र पूर्वाधार- समृद्ध रैनादेवी छहराको मुल आधार" भन्ने नारालाई आत्मसाथ गर्दै रैनादेवी छहरा गाउँपालिकालाई विकासको पथमा अगाडि लैजानको लागि गाउँपालिकाले सारेको ठूला योजना अन्तर्गत सुन्दरेढुङ्गा-जुठापौवा-सालझण्डी मोटरबाटोलाई सङ्घीयको समपूरक योजनाको रूपमा अगाडि बढाएको छु। उक्त योजनाको लागि सङ्घीय समपूरक कोषबाट रु. १,५०,००,०००/- (१ करोड पचास लाख) र र गाउँपालिकाबाट रु. १,५०,००,०००/- (एक करोड पचास लाख) रुपैयाँ गरी रु. ३,००,००,०००/- (तिन करोड ) विनियोजन गरेको छु । गाउँपालिकालाई सडक सञ्जालमा जोड्नको लागि छहरा-तान्सिङ्गल-सातमुरे कालोपत्रेको लागि संघीय समपूरक कोषबाट रु. १५०,००,०००/-(एक करोड पचास लाख) र गाउँपालिकाबाट रु. १,५०,००,०००/- (एक करोड पचास लाख) गरी जम्मा रु. ३,००,००,०००/- (तिन करोड) विनियोजन गरेको छु । गाउँपालिकालाई तीन जिल्ला जोड्ने उद्देश्यले रैनादेवी छहरा गाउँपालिकालाई अर्घाखाँची सँग पहुँच मार्ग गराउन धजाबान्ने- पेलाबास-तालपोखरा- अर्घाखाँची मो.बा.लाई प्रदेश समपूरक अन्तर्गत रु. ५००००००/- (पचास लाख) र गाउँपालिका तर्फबाट रु.५०००००० अक्षेरुपी पचास लाख गरी जम्मा १ करोड विनियोजन गरेको छु । गाउँपालिका गरिनुपर्ने ठूला योजना तथा विकासलाई दिगो गराउनका लागि सङ्घ तथा प्रदेश सँगको सहकार्य र समन्वयलाई अगाडी बढाउने नीति अंगिकार गरेको छु।आर्थिक विकासलाई गाउँपालिकाको रुपमा परीणत गर्न कृर्षि पेशालाई व्यावसायिकरण तथा विविधिकरण मार्फत आत्मनिर्भर गराउन यू एस एड एग्रीकल्चर डाईरेक्ट फाईनान्सीङ्ग प्रोजेक्ट तर्फ रु.३ करोड २५ लाख रकम विनियोजन भएकोमा उक्त कार्यक्रम मार्फत कृषि पेशालाई पाँच बर्ष भित्र आत्मनिर्भर हुन गरी अगाडि बढाईनेछ ।
अब म बिषयगत क्षेत्र तर्फ प्रवेश गर्दछु।

<u>कृषि/पशुः</u>

"वर्तमानको आवश्यकता — कृषिमा आत्मनिर्भरता" भन्ने नारालाई आत्मसाथ गर्दै कृषिलाई व्यावसायिकरण विविधिकरण तथा यान्त्रीकरणमा जोड दिँदै कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक वृद्धि गरी कृषि र पशुजन्य

उत्पादन निर्यात गरी नागरिकको आय आर्जनमा वृद्धि गर्ने तर्फ बजेट लक्षित गरेको छु।कृषि विकास र पशुपालन क्षेत्रको समग्र विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु। किसानको मागलाई मध्यनजर गरी मिनीटिलर(हाते ट्र्याक्टर) वितरणको लागि र कुटानी पिसानी मिलमा आवश्यक बजेट विनियोजन गरेको छु । आवश्यकता र सम्भाव्यताको लेखाजोखा गरी कृषकहरूलाई आवश्यक पर्ने मागमा आधारीत कृषि सामग्री वितरण को लागी रकम विनियोजन गरेको छु । यस बर्ष कृषकको लागत संकलनका लागी कृषक सुचिकरण कार्य अगाडि बढाईनेछ । तरकारी खेती प्रवर्द्धन कार्यक्रम तथा तरकारी बाली पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ ।आगामि ५ बर्ष भित्र कृषिमा विस्तारै आत्मनिर्भर हुने गरि आ.व ०८१/०८२ बाट यू एस एड एग्रीकल्चर डाईरेक्ट फाईनान्सीङ्ग प्रोजेक्ट लागु गरिनेछ ।

**पर्यटनः**

रैनादेवी छहरा गाउँपालिकालाई पर्यटकीय हबको रूपमा विकास गर्दै लगिने छ।गौरवको आयोजनाको रूपमा रहेको ऐतिहासीक धार्मिक स्थल रैनादेवी मन्दिरको विकासको रैनादेवी मन्दिर कालिका मन्दिर बल्ढेङगढी किल्ला जस्ता धार्मिक तथा पर्यटकीय स्थान निर्माणको कार्य लाई सङ्घीय तथा प्रदेश कार्यालय संग हातेमालो गर्दै अगाडी बढ्ने निति अगिकार गरेको छु।साथै गाउँपालिका भित्र रहेका अन्य मन्दिरहरूलाई पनि संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रूपमा विकास गर्दै लगिने छ।उक्त कार्यको लागि संघिय सरकार तथा प्रदेश सरकार संग समन्वय गर्दै अगाडी बढिनेछ ।

**सहकारी तथा वित्तीय क्षेत्रः**

सहकारीलाई उत्पादनसँग जोडिने नीति अबलम्बन गरिने छ।कृषिमा आधारित सहकारीलाई बिशेष प्रोत्साहन गरिने छ।समग्र सहकारी क्षेत्रको विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु।लघुवित्तहरूको सेवालाई जनमैत्री बनाउन आवश्यक कदम चालिने छ।सहकारी तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै सहकारीबाट मासु र दुध बिक्री वितरण गर्ने किसानलाई प्रोत्साहनको लागि ढुवानी अनुदान बापतको लागि रु.१२,००,०००/- (बाह्र लाख रुपैयाँ) विनियोजन गरेको छु ।

**शिक्षाः**

समाजको ज्योतिको रूपमा रहेको शिक्षाको गुणस्तर सुधारको लागि बिशेष ध्यान दिइने छ।शिक्षालाई व्यावसायिकता तर्फ उन्मुख गर्न रु.२२३१००००/- (दुई करोड तेइस लाख दश हजार रुपैयाँ) विनियोजन गरेको छु । शिक्षाको प्रारम्भ बिन्दु बाल शिक्षाको भौतिक पक्ष र समग्र गुणस्तर सुधारको लागि रकम विनियोजन गरको छु।शिक्षा व्यवस्थित गर्न र प्र.अ.को र विद्यालय व्यवस्थापन समितिको क्षमता विकासको लागि तालिमको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। कक्षा ८ को परिक्षा सञ्चालन, लगायत शिक्षा विकाससँग सम्बन्धित शिर्षकको लागि पर्याप्त रकम छुट्याएको छु। नमूना क्याम्पसको रूपमा विकास गर्नको लागि भैरव बहुमुखी क्यामपसको लागि रु.४,००,०००/- (चार लाख रुपैयाँ) विनियोजन गरेको छु।प्राविधिक र व्यावसायिक

शिक्षाको लागि बिशेष ध्यान दिएको छु।  ई.सि.डी.,  लेखा कर्मचारी तथा कार्यालय सहयोगीको तलबमानमा गाउँपालिकाको तर्फबाट अघिल्लो आ.व. मा थप गरिएको रकमलाई निरन्तरता दिएको छु । त्यसको लागि रु.१,००,००,०००/- (एक करोड रुपैयाँ) बजेट विनियोजन गरेको छु । ५-अ विकास तथा जिवन निर्वाहको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । गाउँपालिका स्तरीय स्थानीय पाठ्यक्रम निर्माणको लागि बजेट व्यवस्था गरेको छु । विद्यालयबाट खेलाडी उत्पादनका लागि राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा रु.६,००,०००/- (६ लाख रुपैयाँ) विनियोजन गरेको छु ।१ देखि ५ सम्मका बालबालिकालाई विद्यालय आउने वातावरणको सिर्जना गर्न, लागि दिवा खाजा कार्यक्रमको रकममा वृद्धि गर्नका लागि रु.३०,००,०००/- (त्तीस लाख रुपैयाँ) विनियोजन गरेको छु । एक नमूना विद्यालय एक एक स्वास्थयकर्मी अवधारणा अनुरूप भैरव नवदीप मा.वि.र सत्यवति मा.वि. मा स्वास्थ्यकर्मीको व्यवस्था निरन्तरता गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**<u>स्वास्थ्यः</u>**

गाउँपालिकाबासी सम्पूर्ण नागरिकको स्वास्थ्य बीमा गर्ने नीति अनुरुप निशुल्क स्वास्थ्य बीमाको लागि रु.४,५०,०००/- (चार लाख पचास हजार रुपैयाँ) विनियोजन गरेको छु। साथै ५० (पचास) प्रतिशत स्वास्थ्य बिमा अनुदान कार्यक्रममा रु.४,००,०००/- (चार लाख रुपैयाँ) विनियोजन गरेको छु । आमा स्वास्थ्य कार्यक्रम अन्तर्गत "सुत्केरी आमा पोसिलो खाना" शिर्षकको लागि रु.८,००,०००/- (आठ लाख रुपैयाँ) विनियोजन गरेको छु।स्वस्थ बा-आमा कार्यक्रम अन्तर्गत डाक्टर सहित घर-घरमै गई जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणको लागि रु.१,५०,०००/- (१ लाख ५० हजार रुपैयाँ) छुट्याएको छु। पैसाको अभावमा कुनै पनि नागरिकको सामान्य रोगबाट समेत ज्यान नजाओस् भन्ने उद्देश्यले स्वास्थ्य उपचार सहयोग कोषमा रु.२,५०,०००/- (दुई लाख पचास हजार रुपैयाँ) विनियोजन गरेको छु। महिला स्वयम सेविका मासीक यातायात रु.१५००/- (एक हजार पाँच सय रुपैयाँ) बाट २५० ले वृद्धि गरी मासिक १७५० हुने गरि बजेट विनियोजन गरेको छु।उक्त योजनाका लागि रु.१६,५०,०००/- (१६ लाख पचास हजार रुपैयाँ) विनियोजन गरेको छु । जनताले स्वस्थ बाँच्न पाउने हकलाई सुनिश्चता गर्न आकस्मिक कक्ष स्थापनाको लागि रु.४४ लाख रकम विनियोजन गरेको छु ।

**<u>खानेपानी तथा सरसफाई कार्यक्रमः</u>**

"स्वच्छ खानेपानी स्वस्थ जीवन" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै खानेपानी तथा सरसफाई विभिन्न योजनामा आवश्यक बजेट विनियोजन गरेको छु।हरेक नागरिकको घर-घरमा स्वच्छ खानेपानीको लागि एक घर एक धारा कार्यक्रम सञ्चालन गरिने छ।यस कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।यो आर्थिक वर्षमा तिलकेरी  लिफ्ट खानेपानी, लगायतका योजना अगाडी बढाईनेछ ।   उक्त खानेपानीका निम्ति आवश्यक बजेटको व्यवस्था गरेको छु। समग्र खानेपानी विकासको आवश्यक बजेट विनियोजन गरेको छु ।गाउँपालिकाको

फोहोरमैला व्यवस्थापनको लागि रकम विनियोजन गरेको छु । गाउँसभाले व्यक्त गरे बमोजिम हाम्रो कार्यकालमा एक घर एक धारा सम्पन्न हुने गरी रकम सुनिश्चित गरेको छु ।

**<u>संस्कृति प्रबर्धनः</u>**

पञ्चेबाजा संरक्षण कार्यक्रम, सरायँ नाँच प्रवर्धन, मारुनी नाँच, भैलो, सोरठी नाँच तथा लाखे नाँच, तीज गीत, न्वागी महोत्सव र भजन किर्तन लगायत स्थानीय संस्कृति संरक्षण र विकासको लागि बजेट विनियोजन गरेको छु।रैनादेवी छहरा गाउँपालिकाको क्षेत्र भित्र रहेका मन्दिरहरूको संरक्षणको निम्ति आवश्यक बजेट विनियोजन गरेको छु।रैनादेवी मन्दिर लगायत सम्पदाको संरक्षण गर्ने निति अङ्गिकार गरेको छु ।

**<u>युवा, खेलकुद तथा मनोरञ्जनः</u>**

युवा स्वरोजगार अन्तर्गत पशु फर्म व्यवस्थापन, कृषि तथा यन्त्रीकरण तर्फ आवश्यक रकम विनियोजन गरेको छु। खेलकुद सामग्रीका लागि बजेटको व्यवस्था गरेको छु।"स्वस्थ जीवनयापनका लागि खेलकुद" भन्ने मूल नाराका साथ सञ्चालन हुने अध्यक्ष कप प्रतियोगिताको लागि बजेट विनियोजन गरेको छु। साथै युवाहरूको जोस जाँगरलाई प्रवर्धन गर्नका लागि खेलकुद नर्सरी तथा युवा लक्षीत कार्यक्रममा आवश्यक बजेट व्यवस्था गरेको छु। श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन गरिनेछ ।

**<u>लैङ्गिक तथा सामाजिक समावेशीकरणः</u>**

महिला उद्यमी कार्यक्रम, महिला सिपमूलक कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।ज्येष्ठ नागरिक, अपाङ्ग, दलित, आदिबासी जनजाती लक्षित कार्यक्रमको निम्ति आवश्यक बजेटको व्यवस्था गरेको छु। बालबालिका तर्फ ५-अ कार्यक्रम अन्तर्गत अशक्त, असहाय, अति बिपन्न, अनाथ बालबालिकाको निम्ति छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।बालबिवाह सचेतना कार्यक्रमको निम्ति आवश्यक बजेटको व्यवस्था गरेको छु।लक्षित कार्यक्रम अन्तर्गत "पाँच अ" छात्रवृत्ति कार्यक्रमका लागि लक्षित कार्यक्रमको लागि बजेट व्यवस्था गरेको छु । अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना गरिनेछ ।

**<u>सडकः</u>**

गाउँपालिकास्तरीय सडकको निम्ति आवश्यक बजेटको व्यवस्था गरेको छु।ठूला योजनालाई सङ्घ तथा प्रदेश स्तरीय समपूरक योजनाको रूपमा रकम बिनियोजन गरेको छु। सुन्दरेढुङ्गा-सालझण्डी मोटरबाटो पिच गर्ने कार्यलाई निरन्तरता दिएको छु।उक्त योजनाका लागि रु.३ करोड विनियोजन गरेको छु। गाउँपालिका भवन-धजावान्ने-तान्सिङ्गल-सातमुरे मो.बा. कालोपत्रेको लागि रु.३,००,००,०००/- (तीन करोड रुपैयाँ) विनियोजन गरेको छु । रुपन्देही गुल्मी तथा अर्घाँखाँची सम्म सिमाना सम्म सडक सञ्जाल जोडने नीति अंगिकार गरेको

त्यसका निम्ती अर्घाखाँची जोड्ने धजाबान्ने-पेलावास-तालपोखरा-अर्घाखाची मो बा लागि रु. १ करोड विनियोजन गरेको छु।साथै प्रत्येक वडाका मोटरबाटो निर्माण र स्तरोन्नति गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । गाउँपालिकालाई रुपन्देही जिल्ला सँगको पहुँच स्थापित निर्माणाधीन मेहछेडा-हात्तीगौडा-बुढिदमार मो.बा. लाई रु. २५ लाख विनियोजन गरेको छु साथै ताङ्सिंगल —सोमादी सिद्धेश्वर-मो बा को लागि रु.४० लाख विनियोजन गरेको छु । गाउँपालिका भित्रका बाटो मापदण्ड तय गरी सम्पूर्ण वडामा सोही किसिमको लागू हुने गरी वातावरण सिर्जना गरेको छु ।गाउँपालिका भित्र रहेका झोलुङ्गे पुल अवस्था बारेमा अध्ययन गरि मर्मतसम्भार समेत गरिनेछ ।उक्त योजनाको लागि बजेट व्यवस्था गरेको छु ।गाउँपालिका नजिक मुख्य छहरा वजार व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**<u>सिँचाइः</u>**

सिँचाइ शिर्षकमा आवश्यक रु. ७४ लाख ९५ हजार बजेट विनियोजन गरेको छु।कृषि उत्पादन अवस्था तथा कुलोको अवस्था हेरी सिँचाइ आयोजनामा कुलो मर्मत तथा पक्की कुलो निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**<u>वन तथा भू-संरक्षणः</u>**

वन तथा भू-संरक्षणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।आपतकालीन रूपमा भित्रिने बाढी पहिरो विपद्लाई नियन्त्रण गर्न विपद् व्यवस्थापन कोषमा रु.३०,००,०००/- (३० लाख रुपैयाँ) विनियोजन गरको छु ।साथै ग्याबिन जाली खरीदको लागि मर्मत संभार शिर्षकमा रकम विनियोजन गरेको छु । दिगो वन व्यवस्थापनका लागी सरोकारवाला संग छलफल लगायत विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।

**<u>वातावारण तथा जलवायु परिवर्तन, विपद् व्यवस्थापनः</u>**

सम्भावित विपद व्यवस्थापनको लागि गाउँपालिकाको लागि जाली ग्याविन खरिदको लागि आवश्यक रकम विनियोजन गरेको छु । वडा कार्यालय तथा प्रहरी चौकीलाई विपद् प्रतिकार्य सामग्री व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।टोल-टोलमा विपद् उद्धार समूह गठन, तालिम र परिचालन गरी अगाडी बढ्ने कार्यक्रम राखेको छु।गाउँपालिका स्तरीय नगर प्रहरीको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**<u>फोहरमैला तथा ढल व्यवस्थापनः</u>**

फोहरमैला व्यवस्थापन कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।जनघनत्व बढी भएका स्थानमा आवश्यकता अनुसार डस्ट बिनको व्यवस्थाको लागि बजेट विनियोजन गरेको छु।

**<u>सेवा प्रवाहः</u>**

सरकारी कार्यालयको सेवा प्रवाहलाई अधिकतम जनमैत्री बनाइने छ। कम्प्युटर तालिम, क्षमता विकास तालिम मार्फत कर्मचारीहरूको कार्यक्षमता वृद्धि गरिने छ। हरेक सरकारी कार्यालयमा नागरिक हेल्प डेस्कको निर्माण र सञ्चालन गरिने छ। सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गरिने छ। यी सबै कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु। घुम्ती सेवा मार्फत जनताको घर-दैलोमै गएर सेवा प्रवाहको व्यवस्था मिलाएको छु। सो का लागि एकिकृत घुम्ती शिविर का लागी रु.१० लाख विनियोजन गरेको छू । साथै सार्वजनिक सुनुवाई कार्यक्रमको लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु। जनतासँग प्रहरी साझेदारी कार्यक्रम, जनतासँग जनप्रतिनिधि रेडियो कार्यक्रम र गाउँपालिकाको बार्षिक समिक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु। जनताको सेवा सन्तुष्टि मध्यनजर गर्दै कर्मचारीलाई सेवा प्रवाहमा प्रोत्साहन गर्न सङ्घीय सरकारले बनाएको तलबमानलाई यस स्थानीय तहमा पनि निरन्तरता दिईनेछ त्यसको लागि बजेट व्यवस्था गरेको छु ।

**<u>सुशासन प्रबर्धनः</u>**

- नागरिक वडापत्र निर्माण तथा अद्यावधिक गरिने छ। डिजिटल नागरिक वडापत्रको समेत व्यवस्था गर्दै लगिने छ।
- गुनासो व्यवस्थापनको प्रभावकारी संयन्त्र गठन गरिने छ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्ट मापन आदि जस्ता सेवा प्रवाहका नवीनतम अवधारणाको अवलम्बन गरिने छ।
- जनताको सेवा सन्तुष्टि मापनको सार्वजनिक सुनुवाईको लागि रु.३,००,०००/- (तीन लाख रकम ) विनियोजन गरेको छु ।
- जनतालाई न्यायमा पहुँच स्थापित गर्नका निम्ति प्रत्येक वडामा व्यवस्थित मेलमिलाप केन्द्र र गाउँपालिकामा विशेष इजलास कक्षको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजित गरेको छु ।

**<u>बजेट कार्यान्वयनः</u>**

आयोजनाहरूको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतबाट हुने व्यवस्था मिलाइने छ। वडा स्तरीय तथा गाउँपालिका स्तरीय अनुगमन समितिबाट योजनाहरूको नियमित अनुगमन तथा प्रतिवेदन र पृष्ठपोषणको व्यवस्था मिलाइने छ। आयोजनासँग सम्बन्धित बिषयगत समिति, बिषयगत शाखाहरूबाट समेत नियमित अनुगमन मुल्याङ्कनको व्यवस्था मिलाइने छ। यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चितता आउने विश्वास लिएको छु। यस आ.व देखी दोश्रो चौमासिक भित्र योजना सम्झौता गरी कार्यसम्पादन गरीनुपर्ने व्यवस्थालाई कार्यान्वयन गरिने व्यहोरा सम्मानित १६ औ गाउँसभा जानकारी गराउन चाहन्छु ।

विनियोजित पुंजीगत बजेट खर्च हुन नसक्नु आर्थिक विकासको लागि चुनौतिको बिषय बनेको छ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्न, निर्माणमा गुणस्तर कायम गर्न र निर्णयकर्ता तथा निर्माण सम्बद्ध व्यवसायी

परिणाम प्रति जवाफदेही हुने प्रणालीको विकास गरिने छ। बजेट कार्यान्वयन कार्यतालिका बनाई सोही बमोजिम कार्यान्वयन गर्दै लगिने छ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत बजेट तथा कार्यक्रमहरूको बजेट कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थाको योजना प्रस्तुत गर्दछु।

यस आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्न रु.७३,३७,९७,३१०/- (त्रिहत्तर करोड सैंतीस लाख सन्तानव्वे  हजार तिन सय दश रुपैयाँ) विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रु.५०,४५,९४,३१०/- (५० करोड ४५ लाख ९४ हजार ३ सय १० मात्र रुपैयाँ) र पुँजीगत तर्फ रु.२२,९२,०३,०००/- (२२ करोड ९२ लाख तिन हजार रुपैयाँ) रहेको छ।
आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने श्रोत मध्ये आन्तरिक आय तर्फ रु.१,००,००,००० (एक करोड रुपैयाँ), सङ्घीय सरकारबाट प्राप्त समानीकरण अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुने रु.२०,६७,००,०००/- (बिस करोड सडसठ्ठी लाख रुपैयाँ), प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान तथा राजश्व बाँडफाँडबाट रु.१,२६,४४,०००/- (एक करोड छव्वीस लाख चवालिस हजार रुपैयाँ) विनियोजन गरिएको छ। सङ्घीय सशर्त अनुदानको रु.४१,१८,१५,०००/- (एकचालिस करोड अठार लाख पन्ध्र हजार रुपैयाँ), समपुरक अनुदानमा रु.३००,००,०००/- (तिन करोड रुपैयाँ) र प्रदेश समपुरकमा रु.७० लाख, प्रदेश बिशेष अनुदान रकम रु.२०,००,०००/- (बिस लाख रुपैयाँ), प्रदेश सशर्त अनुदान रकम रु.९५,००,०००/- (पन्चानव्वे लाख रुपैयाँ), अघिल्लो वर्ष बचत अनुमानित बजेट रु.४,४१,३८,३१०/- (चार करोड एकचालिस लाख अडतिस हजार तिन सय दश रुपैयाँ) गरी आय आँकलन गरेको छु ।बजेट तथा कार्यक्रम  यसै बजेट बक्तव्य संगै पेश गरेको छु ।

**सभाध्यक्ष महादोय,**

यो बजेटको कार्यान्वयनबाट गाउँपालिका समानुपातिक र न्यायपूर्ण विकास सँगै समृद्धिको नयाँ चरणमा प्रवेश गर्नेछ। गाउँपालिकाबासी आम नागरिकहरूको संविधान प्रदत्त मौलिक हकहरू कार्यान्वयन हुँदै जानेछन् भन्ने आशा मैले लिएको छु।

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्षज्यू, वडाध्यक्षज्यूहरू, सम्पूर्ण जनप्रतिनिधिहरू, बिषयगत समिति, विभिन्न विज्ञ, अर्थशास्त्री, राजनीतिक दलका नेताज्यूहरू, नागरिक समूहका अगुवाहरू, सामाजिक अभियान्ता, बिषयगत कार्यालयका प्रमुखज्यूहरू लगायत सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै यस कार्यमा अहोरात्र खटिई नीति, कार्यक्रम र बजेट निर्माण कार्यलाई सफल बनाउनुहुने प्रमुख

प्रशासकीय अधिकृतज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु। बजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने राष्ट्रसेवक कर्मचारी टिम लगायत सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु।

अन्त्यमा रैनादेवी छहरा गाउँपालिकाको विकासमा टेवा पुऱ्याउनुहुने सबै करदाताहरू, सङ्घीय सरकार, प्रदेश सरकार, गैर सरकारी तथा सामुदायिक संस्थाहरू लगायत रैनादेवी छहराबासी र रैनादेवी छहरा गाउँपालिकालाई माया गर्नुहुने सम्पूर्ण आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनीहरूलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु।

धन्यवाद !